राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

प.सं.:
च.नं./Ref:

# प्रेस विज्ञप्ति

आयोगका माननीय सदस्य श्री विपिन राज निरौलाज्यूबाट प्रदेश प्रमुखको कार्यालय, मधेश प्रदेश, जनकपुरधाममा मिति २०७९ वैशाख ११ गते आयोजित एक समारोहका बीच माननीय प्रदेश प्रमुख श्री हरि शंकर मिश्रज्यू समक्ष आयोगको प्रदेशगत (मधेश प्रदेश) तेस्रो वार्षिक प्रतिवेदन पेश गर्नुभयो। समारोहमा माननीय सदस्यज्यूबाट प्रतिवेदनको संक्षिप्त व्यहोरा प्रस्तुत गर्दै वित्तीय हस्तान्तरण, आन्तरिक ऋण परिचालन, राजस्व बाँडफाँड लगायतका विषयमा आयोगले दिएका सुझावहरु कार्यान्वयनको लागि प्रदेश सरकार र स्थानीय सरकारले समेत आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने बताउनुभयो। साथै, आयोगको सिफारिस बमोजिम प्राप्त बजेटको प्रभावकारी कार्यान्वयन गरी वित्तीय सङ्घीयतालाई सुदृढ पार्न प्रदेश र स्थानीय तहको विशेष भुमिका रहने बताउनुभयो।

प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख माननीय श्री हरि शंकर मिश्रज्यूले सङ्घीयताको सुदृढीकरणको लागि तहगत सरकारहरुबीच स्रोतको न्यायोचित र समानुपातिक वितरण हुनुपर्ने र त्यसको लागि कानूनको अभाव हुन नदिन र कानूनी जटिलता फुकाउने कार्यमा सङ्घ, प्रदेश र स्थानीय तह तीनै तहको जिम्मेवारी रहने बताउनुभयो। साथै आयोगले दिएका सुझावहरुको कार्यान्वयनको लागि आयोगको प्रतिवेदन प्रदेश सभामा पेश गरी सम्बन्धित निकायहरुमार्फत आवश्यक पहलकदमी लिइने विश्वास दिलाउनुभयो।

.....................
(कृष्ण बहादुर बोहरा)
सहसचिव एवम् प्रवक्ता

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं.+९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel:+977-1-4200592, Fax:+977-1-4200593
E-mail:info@nnrfc.gov.np, Website:www.nnrfc.gov.np